"हाम्रो माथागढी, हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहिचान"

# गाउँपालिका अध्यक्ष श्री यम बहादुर चिदीज्यूबाट गाउँ सभाको १९ औं अधिवेशनमा प्रस्तुत भएको नीति तथा कार्यक्रम

आ.व.२०८३/०८४

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

प्रस्तुत मितिः २०८३ जेठ २९ गते

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

यस गरिमामय गाउँ सभाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा नं. १ देखि ८ वडाका अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी तथा आम गाउँपालिकावासी आमा बुबा, दाजुभाइ तथा दिदीबहिनीहरू।

माथागढी गाउँपालिकाको गाउँसभाको १९औं अधिवेशनमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम माथागढी गाउँपालिकाको अध्यक्षको हैसियतले हाम्रो पालिकाको आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ। यस अवसरमा, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना र सुशासनका लागि नेपाली जनताले गरेका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै पालिकाको दिगो विकासमा आजको मितिसम्म अहम् भूमिका निर्वाह गर्नुहुने निर्वाचित जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, समाजसेवी लगायत सम्पूर्ण जनसमुदायप्रति हार्दिक नमन तथा उच्च सम्मान अर्पण गर्न चाहन्छु। समृद्ध माथागढी गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प, पालिकावासीहरूको समृद्धिको सपना र हामीले निर्वाचनको क्रममा आम जनता समक्ष गरेको प्रतिवद्धता पुरा गर्ने प्रतिबद्धताको निरन्तरता स्वरूप आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई केन्द्रित गर्न प्रयास गरेका छौं।

माथागढी गाउँपालिकाको नीति तथा कार्यक्रमको लक्ष्य "समावेशी सुशासन मार्फत गुणस्तरीय सेवा, सामाजिक न्याय, स्थानीय स्रोतको उपयोग र दिगो पूर्वाधार विकासमार्फत समृद्ध र आत्मनिर्भर गाउँपालिका निर्माण" रहेको छ। यस अन्तर्गत नागरिकलाई छिटो, सहज र प्रभावकारी सेवा प्रदान गर्न कुशल सभ्य कर्मचारीको (Good Service Culture) व्यवस्था गरिनेछ। स्वास्थ्य, शिक्षा, कृषि र सामाजिक सुरक्षाका सेवाहरूमा गुणस्तर सुधार गर्दै सबैका लागि पहुँच सुनिश्चित गरिनेछ। सेवा प्रवाहका सबै चरणमा पारदर्शिता र जवाफदेहिताको सुनिश्चिततासँगै प्रशासनिक प्रक्रियामा जनसहभागिता र सबै वर्ग तथा समुदायको प्रतिनिधित्व कायम गरिनेछ। महिला, दलित, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गलाई लक्षित गर्दै सामाजिक न्याय र समावेशितालाई प्राथमिकतामा राखिनेछ। आर्थिक विकासका लागि कृषि, पशुपालन, वन पैदावार र घरेलु उद्योगलाई आधुनिक प्रविधिमार्फत प्रवर्द्धन गर्दै रोजगार सिर्जना गरिनेछ भने पर्यटन र सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पनि जोड दिइनेछ। सहकारी संस्थाहरूलाई सशक्त पारेर स्थानीय उद्यमशीलता र स्वरोजगारलाई प्रोत्साहन गरिनेछ। शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्दै सबै बालबालिकालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गरिनेछ भने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन पहल गरिनेछ। युवाहरूलाई स्वरोजगार र उद्यमशीलतामा प्रोत्साहन गर्न सीप

विकास तालिम पनि सञ्चालन गरिनेछ। विपद् व्यवस्थापनका लागि समुदायको क्षमता विकास र स्रोत परिचालनलाई प्राथमिकता दिइनेछ।

आर्थिक वर्ष २०८३/०८४ का लागि माथागढी गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय संरचना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का प्रावधानहरू, नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले अवलम्बन गरेका दीर्घकालीन र आवधिक योजनाहरू, दिगो विकास लक्ष्य २०३०, मध्यमकालीन खर्च संरचना, माथागढी गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, टोल, वस्ती हुँदै वडा समिति, विषयगत समिति, विभिन्न राजनीतिक दलहरू लगायत सरोकारवालाहरूसँगको छलफल, सामाजिक सर्वेक्षण, सरकारी तथा गैरसरकारी संघ-संस्था, बुद्धिजीवी, विषय विज्ञ, व्यवसायी, समाजसेवी, सञ्चारकर्मीहरू र आम गाउँपालिकाबासीबाट प्राप्त राय सुझावलाई समावेश गरी व्यापक दृष्टिकोणमा आधारित नीति तथा कार्यक्रम निर्माण गरिएको छ।

*सभाका सदस्यज्यूहरु,*

हाम्रो सामु विकास तथा समृद्धिका लक्ष्य प्राप्तिको लागि केही अवसर र चुनौतीहरू समेत रहेका छन्।

**विद्यमान अवसरहरू**

१. संविधानतः स्थानीय सरकारका २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार सुनिश्चित हुनु।

२. आफ्ना अधिकार क्षेत्रका विषयहरूमा, ऐन, कानुन र योजना तर्जुमाको अभ्यास हुनु।

३. प्राकृतिक स्रोतको भण्डार रहनु, जसको उपयोगबाट आयआर्जन बढाउन सकिने अवस्था रहनु।

४. खानीजन्य लगायत अन्य प्राकृतिक स्रोतको परिचालनबाट रोयल्टी प्राप्त हुनु।

५. धार्मिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रको प्रचारप्रसार गर्न सकेको खण्डमा पर्यटकीय गतिविधि क्षेत्र बनाउन सकिने अवस्था रहनु।

६. माथागढी गाउँपालिका अन्तर्गतका फाँटहरूमा उचित सिँचाइको प्रबन्ध गरी उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहनु।

७. तेजपात, अलैंची साथै स्थानीय कृषि उपजहरूको राम्रो उत्पादन क्षेत्र रहनु।

८. तराईको ठूलो बजार क्षेत्रसँग जोडिएको भौगोलिक अवस्थितिले उत्पादित खाद्य वस्तुहरूको विविध वितरणमार्फत आयआर्जन गर्न सकिने अवस्था रहनु।

९. अन्य माछा मासु तथा दुधमा आत्मनिर्भर उन्मुख हुनु।

११. साना तथा घरेलु उद्योगहरुको सञ्चालन तथा विस्तार हुँदै गरेको अवस्था रहनु।

**विद्यमान चुनौतीहरू**

१. सीमित स्रोतसाधनबाट असिमित अपेक्षाहरू सम्बोधन गर्नुपर्ने अवस्था रहनु।

२. विषम भौगोलिक विविधताको कारण विकासका गतिविधि सञ्चालन गर्न कठिनाइ हुनु।

३. अशिक्षा, सामाजिक चेतनाको कमी, परम्परागत निर्वाहमुखी खेती प्रणाली विद्यमान रहनु।

४. गाउँमै रोजगारी सिर्जना हुन नसक्दा युवा जनशक्ति विदेश पलायन हुनु।

५. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतसाधनको उच्चतम उपयोग गर्न नसक्नु।

६. दक्ष जनशक्तिको अभावमा आवश्यक कानुन निर्माण गर्न कठिनाई हुनु।

७. एकीकृत सम्पत्तिकर प्रणाली र नक्शा पास सम्बन्धी मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।

८. फोहोरमैला व्यवस्थापन प्रभावकारी रूपमा गर्न नसक्नु।

९. जिल्ला दररेटमा बजार मूल्य वृद्धि अनुसार समयानुकूल समायोजन हुन नसक्नु।

*सभाका सदस्यज्यूहरू,*

अब म चालू आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमका मुख्य मुख्य उपलब्धिहरू संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहन्छु।

**१. आर्थिक क्षेत्र तर्फ **

**आर्थिक विकास**

**कृषि क्षेत्र तर्फः**

धान, गहुँ, मकै र आलुको बिउ ५०% अनुदानमा साथै लहरेबाली, हिउँदेबाली, खुर्सानी र धनियाँको बीउ ६०% अनुदानमा वितरण गरिएको छ। मसलाबाली प्रवर्धनको लागी ७५% अनुदानमा ६८०० के.जी. अदुवाको बीउ तथा ३३०० के.जी. बेसारको बीउ वितरण गरियो। यस्ता कार्यक्रमहरुबाट ११२ मे.टन गहुँ, ८० मे. टन आलु, ८४.५ मे.टन खुर्सानी र ३१ मे.टन धनियाँ उत्पादन भएको छ। मुख्य कृषि उत्पादान क्षेत्रलाई लक्षित गरेर ढुषीनाशक विषादी प्रतिस्थापन गर्ने लक्ष्य सहित ट्राइकोडर्मा/सिउडोमोनस तथा पासो वितरण भएको छ। उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत वैशाख मसान्त सम्म २०,५७,६८९ रुपैयाँ कृषकलाई भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना भएको छ।

कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५०% अनुदानमा १९३ वटा मिनीटिलर, १९१ प्लास्टिक टनेल र ११५ प्लास्टिक मल्चिंग वितरण अन्तिम चरणमा रहेको छ। साथै २७५ जना कृषकलाई रासायनिक बिषादीको प्रयोग न्यूनीकरण तथा वैकल्पिक उपाय अवलम्बन सम्बन्धी तालिम र ९९ जना कृषकलाई सुन्तलाजात फलफूल बगैंचा काँटछाँट तथा व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरियो। खुर्सानी पकेट क्षेत्र लक्षित गरेर ४ वटा खुर्सानीको जातमा जातीय परिक्षण गरिएको छ। साथै ४ स्थानमा माटो परीक्षण तथा बाली उपचार शिविर संचालन गरिएको।

**पशुपन्छी सेवा तर्फः**

पशुपंक्षी शिविर कार्यक्रम अन्तर्गत चिदीपानी, हात्तिलुङ्ग, बहादुरपुर र रुप्सेमा संचालन गरी जम्मा लाभांवित कृषक संख्या- ३१३ जना र जम्मा पशुपन्छी संख्या- २००८ लाई सेवा उपलब्ध

गराईयो। बंगुर तथा बाख्राको खोर सुधार कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा २३ जना कृषकलाई अनुदान दिईयो। भकारो सुधार कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा १५ जना कृषकलाई अनुदान दिईयो। प्राकृतिक नश्ल सुधार कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ७ जना कृषकलाई अनुदान दिईयो। एक वडा एक पशुपन्छी फार्म विस्तार कार्यक्रम अन्तर्गत ५० देखि ७५ प्रतिशत अनुदानमा २ वटा फार्म कसेनी र झडेवामा विस्तार गरियो। मासु पसल सुधार कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा एउटा मासु पसल सुधार गरियो। डेरी पसल सुधार कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा एउटा डेरी पसल सुधार गरियो। हिउँदे घाँसको विउ अनुदान कार्यक्रम अन्तर्गत जै घाँस १०० के.जि. १३६ जना कृषकलाई र वर्षिम घाँस २५० के.जि. ८९ जना कृषकलाई वितरण गरिएको छ। माथागढी गाउँपालिका भित्रका पशुपंक्षीहरुमा खोप सेवा संचालन कार्यक्रम सम्पन्न गरियो।

**रोजगार, सीप तथा उद्यमशीलता क्षेत्र तर्फः**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५७ जना बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ। आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका १० जना व्यक्तिलाई १० दिने बारिष्टा तालिम सञ्चालन गरिएको छ। साथै, उद्यमशीलता विकास र प्रवर्द्धनका लागि २६ जना नयाँ लघु उद्यमीलाई बुटिक तालिम प्रदान गरिएको छ। सुरक्षित, मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगारी प्रवर्द्धन गर्न गाउँपालिकाका सबै वडामा समुदायस्तरीय अभिमुखीकरण तथा सूचना प्रवाह कार्यक्रम सम्पन्न गरिएको छ। वैदेशिक रोजगार बोर्डबाट उपलब्ध कल्याणकारी सेवाअन्तर्गत ६ जना विद्यार्थीलाई वैदेशिक रोजगार सन्तति छात्रवृत्ति, १ जनालाई बिरामी तथा अङ्गभङ्ग सहायता र १ जनालाई पारिवारिक स्वास्थ्य उपचार सहायता प्राप्त गर्न सहजीकरण गरिएको छ। साथै, वैदेशिक रोजगारीमा जाने ७५ जना श्रमिकलाई श्रम स्वीकृतिका लागि सहजीकरण गरिएको छ। गाउँपालिकाभित्र स्थायी बसोबास गरी दैनिक ज्यालादारीमा कार्यरत ३८४ जना श्रमिकको सामूहिक दुर्घटना बीमा गरिएको छ। मनोसामाजिक समस्या तथा चुनौतीमा रहेका १४ जना व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।

****२. सामाजिक क्षेत्र तर्फ ****

**स्वास्थ्य**

- माथागढी गाउँपालिकालाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त र पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ।
- महिलाहरूको प्रजनन स्वास्थ्य रुग्णता तथा ३० वर्षमाथिका नागरिकहरूको नसर्ने रोग सम्बन्धी स्क्रिनिङ्ग क्याम्प सञ्चालन गरी बिरामीहरूको उपचार व्यवस्थापन गरिएको छ।
- विपन्न नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच बढाउन ५७१ विपन्न घरपरिवारको स्वास्थ्य बिमा गरिएको छ।

- कडा रोग लागेका, मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई सङ्घीय र प्रदेश सरकारको निर्देशिका/कार्यविधि बमोजिम मासिक रु. ५,००० का दरले नियमित औषधी उपचार खर्च तथा सिफारिस उपलब्ध गराइएको छ।
- पूर्ण खोप सुनिश्चितता वडा तथा पालिका घोषणा सुनिश्चितता सपन्न गरिएको साथै पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गरिएको।
- किटजन्य डेंगु रोग रोकथाम, आत्महत्या न्यूनीकरण, सडक दुर्घटना न्यूनीकरण र मानसिक स्वास्थ्यका सम्बन्धमा सरोकारवालाहरूलाई अभिमुखीकरण गरिएको छ।
- स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन आवश्यक औषधि, उपकरण तथा सामाग्रीहरूको नियमित आपूर्ति सुनिश्चित गरिएको छ।
- किशोरीहरूका लागि पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पी.भी. खोप र सर्वसाधारणका लागि कोभिड-१९ विरुद्धको विभिन्न खोप अभियानहरू सफलतापूर्वक सञ्चालन गरिएको छ।
- बालबालिकाहरूमा कुपोषण खोजपड्ताल गरी फेला परेका कुपोषित बच्चाहरूलाई बहिरङ्ग उपचार केन्द्रमा दर्ता गरेर उपचार गरिएको छ।
- रोमिङ्ग नर्समार्फत विद्यालय तथा समुदायमा स्वास्थ्य सेवा प्रवाह गरिएको छ।
- विद्यालयहरूमा योग शिक्षा, स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्नुका साथै किशोरीहरूको रक्तअल्पता परीक्षण गरिएको छ।
- नागरिकहरूका लागि निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।
- स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई पारदर्शी बनाउन सामाजिक परीक्षण तथा आमभेला सम्पन्न गरिएको छ।
- 'उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम' अन्तर्गत गर्भवती महिलाहरूलाई अण्डा र क्याल्सियम चक्की वितरण गरिएको छ।
- आयुर्वेद कार्यक्रम अन्तर्गत नागरिक आरोग्य अभियान सञ्चालन गरिएको छ।
- विभिन्न टोलहरूमा योग समिति गठन गरी नसर्ने रोग नियन्त्रणका लागि नागरिकहरूलाई नियमित योग, ध्यान र प्राणायाम गर्न उत्प्रेरित गरिएको छ।

**शिक्षा, युवा तथा खेलकुद**

- गाउँपालिकाभित्रका १० विद्यालयका १९ जना अभिभावकविहीन बालबालिकाहरूलाई शैक्षिक अभिभावकत्व ग्रहण स्वरूप २ लाख ६७ हजार रुपैयाँ रकम निकासा गरिएको।
- बालदिवसको अवसरमा सम्पूर्ण सामुदायिक विद्यालयहरूका कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि हस्तलेखन प्रतियोगिता सञ्चालन गरिएको।
- पालिकाको १० वर्षे गाउँ शिक्षा योजना निर्माण गरी प्रकाशन गर्नुका साथै क्रमशः कार्यान्वयन गर्दै लगिएको छ।
- फुटबल खेल प्रशिक्षण कार्यक्रम सञ्चालन गरी ७६ जना बालबालिकाहरूलाई लाभान्वित गराइएको छ।

- सुत्केरी सट्टा शिक्षक व्यवस्थापन कार्यविधि अनुसार विद्यालयहरुमा शिक्षक छनोट गरी विद्यार्थीहरूको सिकाइ क्षति परिपूरण गरिएको छ।
- पालिकाभित्रका विभिन्न विद्यालयहरूमा शैक्षिक एवं प्रशासनिक अनुगमन कार्य सम्पन्न गरिएको छ।
- स्थानीय पाठ्यक्रम सम्बन्धी प्रवोधीकरण कार्यक्रम र आधारभूत तह स्तरीय शैक्षिक सामग्री प्रदर्शनी प्रतियोगिता सम्पन्न गरिएको छ।
- पालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता भव्यताकासाथ सम्पन्न गरियो।
- शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक, अर्धवार्षिक, एस.ई.ई पूर्व तयारी र वार्षिक परीक्षा सम्पन्न गरी नतिजा विश्लेषण गरी नतिजा सुधारको लागि कार्ययोजना तय गरिएको छ।
- बालमैत्री स्थानीय शासन घोषणाका लागि नीतिगत प्रक्रिया अवलम्बन, गणक छनोट, तथ्याङ्क सङ्कलन, स्थितिपत्र तयारी र वडा स्तरमा बाल समूह गठन कार्य सम्पन्न गरिएको छ।
- पालिका स्तरीय भलिबल कप प्रतियोगिता २०८२ सम्पन्न गरिएको छ।
- अन्तर पालिका स्तरीय फुटबल प्रतियोगिता सम्पन्न गरिएको।
- SEE लक्षित सिकाइ उपलब्धि सुधारका लागि गाउँपालिकाभित्र सञ्चालित नौ वटा विद्यालयहरूमा छात्रावास कार्यक्रम सञ्चालन गरिएको।
- शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत भर्चुअल शिक्षण, इ-लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि दुईवटा विद्यालय छनोट गरी सामग्री व्यवस्थापन गरिएको छ।
- सामाजिक सिकाइ परियोजना अन्तर्गत ११ विद्यालयलाई तालिम दिई ६ वटा विद्यालयबाट सामाजिक परियोजना कार्य सम्पन्न गरिएको छ।
- QEQS कार्यक्रम अन्तर्गत विभिन्न विधामा सञ्चालित तालिमहरूबाट ६ सय भन्दा बढी शिक्षकहरू लाभान्वित भई अंग्रेजी विषयमा अपेक्षित सुधार भएको।
- पालिकाको सिकाई समग्र सिकाई उपलब्धी विगत तीन वर्ष देखि निरन्तर सुधार हुँदै गईरहेको।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः**

- विभिन्न लक्षित वर्ग केन्द्रित कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरिएको।
- ब्यूटिसियन तालिम १५ जनालाई प्रदान गरिएको।
- महिला कानूनी सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- एकल विपन्न र पिछडिएका महिलाहरुको व्यवसायमूलक कार्यक्रम सम्पन्न भएको छ।
- बालविवाह जोखिम विश्लेषण कार्यक्रम सञ्चालनमा रहेको छ।

**न्यायिक समिति :**

- यस आ.व.मा न्यायिक समितिमा ६ वटा उजुरीहरु परेकोमा ४ वटा मेलमिलापबाट समाधान गरिएको।
- न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तालिम सम्पन्न गरिएको।

**खानेपानी तथा सरसफाइ :**

- चालु आर्थिक वर्षमा विभिन्न योजनाहरू अन्तर्गत ७ वटा खानेपानी टङ्की निर्माण, ७७ वटा धारा जडान, तथा विभिन्न पुराना योजनाहरूको मर्मत-सम्भार कार्य सम्पन्न गरिएको।
- वास (WASH) सम्बन्धी आवधिक योजना (WASH Update Plan) तर्जुमाका लागि अभिमुखीकरण तालिम सञ्चालन गरिएको।
- खानेपानी सेवाको दिगोपनाका लागि मुहान संरक्षण तथा पाइपलाइन विस्तारका कार्यहरू सम्पन्न गरिँदै आएको।

**३. पूर्वाधार विकास विकास क्षेत्र तर्फ**

**सडक तर्फ** : ८ कि.मी. नयाँ सडक निर्माण, ७ कि.मी. सडक चौडा गरिएको, २ कि.मी. सडक ढलान गरिएको, ४ कि.मी. सडकमा पक्की नाली निर्माण गरिएको, ८ कि.मी. ग्राभेल तथा स्तरोन्नति, ६५० मि. सडक कालोपत्रे, २ वटा बक्स कल्भर्ट पुल, ४ वटा स्ल्याब कल्भर्ट र विभिन्न स्थानमा पाइप कल्भर्ट निर्माण कार्य सम्पन्न भएको।

**भवनतर्फः** गाउँपालिकाको प्रशासकीय भवन निर्माणको ६० प्रतिशत भौतिक प्रगति भएको छ। गाउँपालिकाको वडा नं. ३ सराईमा २५० जनासम्म क्षमता भएको अत्याधुनिक सभाहलको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको छ। दिव्यज्योति नमूना मा.वि.को २१ कोठे भवन निर्माण भई सञ्चालनमा ल्याइएको छ। गाउँपालिका क्षेत्रभित्र पर्ने सरकारी, सार्वजनिक तथा सामुदायिक भवनहरूको मर्मत-सम्भार तथा रङ्गरोगन गर्ने कार्य ९० प्रतिशत सम्पन्न भएको छ। गाउँपालिकाको विभिन्न स्थानमा तीन वटा मन्दिरको निर्माण कार्य सम्पन्न भएको छ। १५ शैय्या अस्पताल भवन निर्माणको कार्य सम्पन्न भएको छ। माडी अस्थायी प्रहरी चौकी भवन निर्माणाधिन अवस्थामा रहेको। पालिका भित्रका विभिन्न खेलमैदानहरुको निर्माण तथा स्तरोन्नति गरिएको।

**साझेदारीमा सम्पादित कार्यहरुः** जल्पादेवी प्रा.वि.को भवन जापानी समाजसेवी काजुमासा काकिमि (ओ.के. बाजे) र पालिकाको साझेदारीमा निर्माण सम्पन्न गरिएको छ। माथागढी गाउँपालिका र रम्भा गा.पा.को लागत साझेदारीमा गोतामेघाट पक्की पुल निर्माण सम्पन्न गरिएको छ।

**सिँचाइ** :१ हजार ७ सय मिटर सिँचाइ कुलो निर्माण कार्य सम्पन्न भएको, साथै ५७०० मिटर सिँचाइ पाइप खरिद गर्ने कार्य सम्पन्न भएको।

**उपभोक्ता समितिमार्फत** सञ्चालन हुने गरी सम्झौता भएका २०१ वटा योजनाहरूमध्ये १७० वटा योजना सम्पन्न भएका छन् र अन्य योजनाहरू सम्पन्न हुने क्रममा रहेका छन्।

**ठेक्का प्रक्रियामार्फत** कार्यान्वयन भएका ३२ वटा योजनाहरूमध्ये १५ वटा सम्पन्न भएका छन् भने अन्य योजनाहरू निर्माणको अन्तिम चरणमा रहेका छन्।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फः**

- बस्ती तथा वन क्षेत्रमा हुने आगलागीजन्य विपदलाई तत्काल नियन्त्रण गरी जनधनको क्षति कम गर्ने उद्देश्यले पानीट्याङ्क तथा आवश्यक पम्प सेट (Water Tank with Pump Set) खरिद गरी सञ्चालनमा ल्याईएको।
- विभिन्न स्थानहरुमा हुन सक्ने बाढी, भुक्षय, भुस्खलन, पहिरो जस्ता संभावित विपद जोखिमका घटनाहरुको जोखिम न्यूनीकरणको पूर्वतयारी स्वरुप उपभोक्ताहरुको श्रम साझेदारीमा तार जाली उपलब्ध गराई तटबन्ध र भू-संरक्षणको कार्य सम्पन्न गरिएको।
- विपद जोखिम न्यूनीकरणलाई विशेष ध्यान दिँदै स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको मापदण्ड तथा शर्तहरूको अधीनमा रही नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन कार्य गरी विपद पूर्वतयारीको कार्य गरिएको।
- यस आर्थिक वर्षमा विभिन्न विपद्का घटनाहरूबाट प्रभावित १९ घरपरिवारहरूलाई तत्काल राहत स्वरूप कुल रु २,९७,०१६/- (अक्षरेपि दुई लाख सत्तानब्बे हजार सोह्र रुपैयाँ) बराबरको राहत रकम वितरण गरिएको छ।

**५. सुशासन तथा संस्थागत र सेवा प्रवाहतर्फः**

- पालिकाको प्रशासनिक तथा कानुनी प्रणालीलाई व्यवस्थित गर्न ६ वटा स्थानीय ऐन, कार्यविधि र निर्देशिकाहरू निर्माण गरिएको छ।
- वडा स्तरका सेवा प्रवाहलाई छिटो-छरितो बनाउन सबै वडाहरूमा अनलाइन सिफारिस प्रणाली लागू गरिएको छ।
- जन्म, मृत्यु र विवाह जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई पूर्ण रूपमा डिजिटल माध्यमबाट सञ्चालन गरिएको छ।
- नागरिकहरूलाई सेवा र प्रक्रियाबारे जानकारी दिन सबै वडा कार्यालय र पालिका केन्द्रमा नागरिक बडापत्रको व्यवस्था गरिएको छ।
- पालिकाका काम कारबाहीलाई पारदर्शी र उत्तरदायी बनाउन नियमित रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम, सार्वजनिक परीक्षण, नियमित त्रैमासिक प्रगति समीक्षा सम्पन्न गरिएको छ।
- स्थानीय नीति निर्माण र निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन कार्यपालिकाको १९ वटा बैठकहरू सम्पन्न भएका छन्।

*सभाका सदस्यज्यूहरू,*

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न अनुमति चाहन्छु।

## १. आर्थिक विकास

### क. कृषि सम्बन्धी नीति तथा कार्यक्रम::

- निर्वाहमुखि कृषिलाई आधुनिकिकरण र व्यावसायिक बनाउँदै जग्गाको चक्लाबन्दीमा जोड दिई एक गाउँ एक उत्पादन मौरीपालन, खुर्सानी/ आलु/ धनियाँ/ तरकारी/ किवी पकेट क्षेत्र विस्तार एवम् उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- माटोको जैविक गणुमा ह्रास आउन नदिन जैविक मलको उत्पादन तथा प्रयोगलाइ प्रोत्साहन दिदै दिगो कृषि उत्पादन प्रणाली प्रवर्धनको विशेष कार्यक्रम एवम् माटो सुधार तथा जैविक खेति प्रवर्द्दन गर्न रासायनिक मल/बिषादीको प्रयोग न्यूनीकरण गरि ट्राइकोडरमा, सिउडोमोनास, ढैंचा, एजोला तथा जैविक मल प्रयोग गरि खेति गर्न प्रोत्साहन गर्न बिशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशुजन्य उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई थप प्रभावकारी बनाई कृषि उत्पादन बृद्धि गर्न प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- किसान लाई सहकारी तथा समूह मार्फत बिक्रिको आधारमा अनदुान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- शित भण्डार र कृषि बजार कार्यक्रमलाई समूह, सहकारीहरुको समन्वयमा सञ्चालन प्रक्रिया अगाडी बढाइनेछ।
- कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न सहकारी कृषि समूह मार्फत उत्पादित वस्तुहरुको बजारिकरणको समेत ब्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्र समन्वयमा संचालित संघ संस्थाहरुसंगको साझेदारी कार्यक्रमलाइ निरन्तरता दिईनेछ।
- बेमौसमी तरकारी उत्पादन गरि आत्मनिर्भर हुन प्लाष्टिक टनेल निर्माणको लागि अनुदानमा प्लाष्टिक सिट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थायी टनेल निर्माणको नीति लाई निरन्तरता दिइनेछ।
- एक वडा एक उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै क्षेत्र बृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- पुष्प खेतीको प्रवर्द्धन तथा व्यवसायिकरण गर्न पुष्पखेती कार्यलाई निरन्तरता दिइनेछ ।
- नमूना क्षेत्र छनौट गरि कृषि पशु कार्यक्रम संचालन गरिने छ । बजार मागको आधारमा युवा वर्गलाई लक्षित प्रविधिमा आधारित व्यवसायिक कृषि तथा पशुपन्छी सम्बन्धी तालिम र अनुदानको व्यवस्था गरिनेछ ।

- माथागढी गाउँपालिका लाई अर्गानिक कृषि उत्पादनको रुपमा विकास गर्ने नीति अबलम्बन गरिनुको साथै रैथाने बाली संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम संचालन गरिनेछ।
- खेतियोग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्न प्लास्टिक पोखरी, स्यालो ट्युबेल निर्माण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- विद्यालयहरुमा दिइने दिवा खाजामा स्थानीय उत्पादनमा आधारित परिकारका खाना प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- प्रत्येक वडामा पोषण मैत्री बगैचा निर्माण गर्ने नीति ल्याईनेछ ।
- कृषि उत्पादनलाई उद्योगसँग जोड्न मसला उद्योगलाई थप प्रवर्द्धन तथा मसला जन्य बाली उत्पादन प्रोत्साहन गर्ने खालका कार्यक्रम सञ्चालनमा ल्याइनेछ। मसला जन्य बाली उत्पादन तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पालिका भित्रका उत्कृष्ट उद्यमी कृषकलाई सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- नियमित रुपमा कृषि/पशुसेवा शिविर संचालन गरी गाउँघरमा कृषि बालीमा तथा पशुमा देखिने रोग नियन्त्रण गर्ने नीति अनुरुप नै सबै वडा र गाउँ बस्तिमा कृषि/पशु सेवा शिविर कार्यक्रमलाई निरन्तरता दिइने छ।
- रासायनिक विषादीको प्रयोग र प्रभाव कम गर्न जैविक र वानस्पतिक विषादीको प्रयोग तथा प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिइने छ, साथै रासायनिक विषादिले मानव स्वास्थ्यमा पर्ने असर न्युनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- खाद्यान्नमा आत्मनिर्भर बनाउनका लागी मकै, धान र गहुँको उन्नत बीउ तथा तरकारीमा अनुदान तथा कृषि बीउबिजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमनलाई प्रभावकारी तुल्याइनेछ।
- कृषकको लागत घटाइ उत्पादन र उत्पादकत्व बढाउन मल्चिङ्ग तथा प्लाष्टिक टनेलमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कृषि प्रसार संचालन, नियमन, व्यवस्थापन कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ।
- संघिय सरकारको नीति अनुसार किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। वडा नं. १ देखि ८ सम्म किसान सूचीकरण प्रणालीमा सूचिकृत भइसकेका किसानहरुलाई प्रमाणीकरणको प्रकृया पुरा गरी किसान परिचयपत्र वितरण कार्य गरिनेछ ।
- कृषि तथा पशुपालन सम्बन्धी जानकारीमूलक पुस्तिका, पोष्टर, पम्प्लेट, फ्लिप चार्ट जस्ता लेखहरु प्रकाशन गरी कृषि र पशुपालन उत्पादन, उपभोग र बिक्रीबाट जीविकोपार्जन सुधारमा सहयोग पुग्ने चेतनामुलक कार्यक्रम टोल वस्ती तथा विद्यालय तहमा सञ्चालन गरिनेछ। साथै कृषि क्यालेण्डर प्रकाशन गरी कार्यान्वयनमा ल्याइनेछ।

- व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण कृषि बजार लगायतका पूर्वाधारहरु निर्माण एवम् जलवायुमैत्री प्रविधि (थोपा सिंचाई, प्लाष्टिक घर, प्लाष्टिक पोखरी, आकाशे पानीको संकलन, जुठेल्नोको पानी व्यवस्थापन) गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- कृषि पशुजन्य उत्पादनको उचित मूल्यसहित विक्री वितरणका लागी उत्पादक, वितरक र उपभोक्ता बीच अन्तरआबद्वता कायम गर्ने कार्यक्रम संचालन गरिनेछ।

**ख. पशु सेवा सम्बन्धी नीति तथा कार्यक्रमः**

- गुणस्तरीय पशु तथा पशुजन्य उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि पशु स्वास्थ्य उपचार, रोग नियन्त्रण र रोकथाम तथा पशु स्वास्थ्य नियमनका कार्यक्रमहरु नियमित संचालन गरिनेछ।
- स्थानीय स्तरमा दूध तथा मासु उत्पादन वृद्धि, रोजगारी सिर्जना, पोषण सुधार गर्दै व्यवसायीकरण तर्फ उन्मुख बनाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन भैंसी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय वातावरणमा अनुकूलित स्थानीय जातका भेडाको संरक्षण, संवर्द्धन तथा व्यवसायीकरण गरी मासु, ऊन तथा आयआर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संग समन्वय गरि प्राणघातक जुनोटिक रोगहरुको नियन्त्रण तथा रोकथाम, सचेतना कार्यक्रम तथा एक स्वास्थ्य अवधारणाका नीतिहरु अवलम्वन गरि कार्यान्वयनका लागि वजेट परिचालन गरिनेछ ।
- कृषि कार्यमा यान्त्रिकीकरणको विस्तारसँगै हलगोरुको प्रयोग घट्दै गएको तथापि दुर्गम तथा पहाडी क्षेत्रका धेरै किसानहरू जोताइ तथा कृषि उत्पादनका लागि हलगोरुमै निर्भर रहेको सन्दर्भमा स्थानीय जातका गोरुको संरक्षण, जैविक कृषि प्रवर्द्धन तथा परम्परागत कृषि प्रणालीको संरक्षणका लागि हलगोरु संरक्षणका लागि प्रोत्साहन स्वरुप अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- वेशी तथा फाँट क्षेत्रहरुमा नियमित पानीको श्रोत भएका स्थानहरुमा व्यवसायिक मत्स्यपालनका लागि नयाँ पोखरी लागत साझेदारीमा निर्माण गर्न र प्रविधि हस्तान्तरण तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।
- वढ्दै गएको मासुको मागलाई आपूर्ति गर्नका लागि युवा जनशक्तिलाई परिचालन र पशुपालनमा समाहित गर्न यस पालिकाका संभावित वडाहरुमा पकेट कार्यक्रम, फार्म प्रवर्द्धन र विपन्न लक्षित समुदायका लागि आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादन हुने दूध तथा दुग्धजन्य पदार्थको सुरक्षित संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणलाई व्यवस्थित गरी किसानको आय वृद्धि गर्न डेरी पसल सुधार तथा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अनुत्पादक एवम् न्यून उत्पादक क्षमता भएका पशु वस्तुहरुको नश्ल सुधारको माध्यमबाट उत्पादन क्षमता वृद्धि गरिनुका साथै यसको लागि कृत्रिम गर्भाधान कार्यलाई निरन्तरता दिइनेछ।

- हरियो घाँसमा आधारित पशुपालन व्यवसायको प्रवर्द्धन गर्दै हिउँदे, वर्षे र वहुवर्षे घाँसखेती विस्तारमा गरिदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।
- पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादित सामग्रीहरुको गुणस्तरमा नियमन गर्दै उपभोक्ताहरुलाई स्वस्थ र स्वच्छ माछा मासु उपभोगका लागि माछा/मासु पसल सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ
- आधुनिक प्रविधियुक्त खोर गोठ तथा माछा पोखरी स्थापना तथा सुधार कार्यलाई प्रोत्साहन गरिनुका साथै गोठ, पोखरी तथा खोरमा जैविक सुरक्षा विधि अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।
- महामारी रोग जस्तैः खोरेत, भ्यागुते, चरचरे, पिपि.आर, स्वाइन फिवर र रानिखेत विरुद्धको निशुल्क खोप कार्यक्रम प्रभावकारी रुपमा निरन्तर सञ्चालन गरिनेछ।
- रेबिज रोग नियन्त्रणको लागि विद्यालयहरुमा, टोलटोलमा रेबिज रोगबारे जनचेतना कार्यक्रम संचालन गरी, सामुदायिक (छाडा) तथा घरपालुवा कुकुर तथा बिरालोहरुलाई निःशुल्क रेबिजविरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- व्यवसायिक रुपमा पशुपन्छीपालन गर्ने उद्यमी तथा वैदेशिक रोजगारबाट फर्किएकालाई प्रोत्साहन गरिनुका साथ साथै आवश्यकतामा आधारित तालिमलाई निरन्तरता दिइनेछ ।
- माथागढी गाउँपालिकामा अव्यवस्थित पशुपन्छी फार्महरुलाई व्यवस्थित एवम् प्रोत्साहन गर्ने उद्धेश्यले नयाँ फार्म दर्ता तथा नविकरण गरे वापत ५ के.जी मिनरल मिक्चर वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**ग. रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी नीति तथा कार्यक्रमः**

- युवाहरूलाई स्वरोजगारतर्फ लागि आत्मनिर्भर बनाउन युवाहरूको मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ। साथै तालिम पश्चात् युवाहरूले गरिरहेको व्यवसायको लगत राख्ने व्यवस्था मिलाइनेछ।
- सामूहिक व्यवसाय गरिरहनु भएको व्यवसायीहरूलाई थप प्रोत्साहन गर्न तथा सामूहिक व्यवसाय प्रणालीलाई प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्रका उपभोक्ताहरूको स्वच्छ खाद्य वस्तु उपभोगको अधिकारको सम्मान गर्न सम्बन्धित निकायको समन्वयमा नियमित बजार अनुगमन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित दुनाटपरीको प्रवर्द्धन गरी प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहन गर्न निश्चित परिमाणको आधारमा उत्पादित दुनाटपरीलाई अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- स्थानीय तहभित्र रहेका बेरोजगार, सीप सिक्न तथा उद्यम गर्न इच्छुक र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरी रोजगार तथा स्वरोजगारसँग जोड्ने व्यवस्था गरिनेछ।

- रोजगारी सृजना एवं प्रवर्द्धन सम्बन्धमा सरोकारवालासँग रणनीति संवाद तथा छलफल कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सृजना र स्वरोजगार प्रवर्द्धन गर्न श्रम बजारको माग तथा आवश्यकता पहिचानका आधारमा सीप विकास, एडभान्स तालिम, उद्यमशीलता प्रवर्द्धन तथा पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनका लागि समुदायस्तरमा अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई वैदेशिक रोजगार बोर्डबाट उपलब्ध कल्याणकारी सेवाहरूको पहुँच सुनिश्चित गराउन श्रम स्वीकृती तथा पुनःश्रम स्वीकृती सम्बन्धी सहजीकरण सेवालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र वैदेशिक रोजगारमा रहेका तथा वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीप, अनुभव र उद्यमशीलता सम्भावनाको पहिचान गर्न वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क संकलन गरिनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- मजदुर दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ङ. सहकारी सम्बन्धी नीति तथा कार्यक्रमः**

- माथागढी गाउँपालिकाको कार्यक्षेत्रभित्र क्रियाशील सम्पूर्ण सहकारी संघ-संस्थाहरूलाई सहकारीका विश्वव्यापी स्थापित मूल्य, मान्यता र सिद्धान्तहरूको परिधिभित्र रही व्यावसायिक रूपमा सञ्चालन हुन अभिप्रेरित गरिनेछ।
- सर्वसाधारण नागरिकहरूको बचत तथा लगानीको सुरक्षा सुनिश्चित गरी स्थानीय वित्तीय कारोबारलाई विश्वसनीय बनाउन प्रचलित सहकारी ऐन, नियमावली र स्वीकृत मापदण्डका आधारमा नियमन, वित्तीय निरीक्षण एवं प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाभित्रका सहकारीहरूको संस्थागत पारदर्शिता, कार्यकुशलता र वास्तविक तथ्याङ्कलाई डिजिटल प्रणालीमा व्यवस्थित गर्न सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अनिवार्य आबद्धता र नियमित प्रविष्टिको प्रबन्ध मिलाइनेछ।
- पालिकाको आन्तरिक आर्थिक विकास र आत्मनिर्भरताका लागि कृषि तथा पशुजन्य उत्पादनको वृद्धि, संकलन, भण्डारण, विविधीकृत, प्रशोधन एवं आपूर्ति चक्रमा स्थानीय कृषि सहकारीहरूको संलग्नतालाई मुख्य संवाहकको रूपमा परिचालन गरिनेछ।
- पालिकाबासीहरूको छरिएर रहेको आन्तरिक पूँजी, श्रम र सीपलाई सहकारी मार्फत परिचालन गरी घरेलु, साना तथा मझौला उद्यमहरूको विकास मार्फत दिगो स्वरोजगार सिर्जना र गरिबी न्यूनीकरणको लक्ष्य हासिल गर्ने योजनालाई निरन्तरता दिइनेछ।

- सहकारी क्षेत्रको संस्थागत सबलीकरणका लागि सहकारी शिक्षा, व्यवस्थापकीय कार्यकुशलता बढाउने तालिम, सञ्चालकहरूको क्षमता विकास एवं समुदायस्तरमा सहकारी वित्तीय साक्षरता अभिवृद्धिका कार्यक्रमहरू पालिकाको अगुवाइमा सञ्चालन गरिनेछ।
- उत्पादनमा आधारित कृषक र सहकारीलाई प्रोत्साहन गर्ने नीति अनुरूप सहकारीमार्फत बजारमा पठाइने स्थानीय कृषि तथा पशुजन्य उपजहरूको वार्षिक परिमाणलाई मुख्य सूचक मानी सोझै उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

**च. पर्यटन तथा सांस्कृतिक संरक्षण सम्बन्धी नीति तथा कार्यक्रमः**

- माथागढी गाउँपालिकाभित्र रहेका कौडेलेक, सत्यवती ताल, पिपलडाँडा पर्यटकीय स्थल लगायतका सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रचार-प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन गरिनेछ।
- माथागढी गाउँपालिकामा अवस्थित लखन थापा पार्क र माथामालिका क्षेत्रलाई क्रमागत रुपमा व्यवस्थित, आधुनिक र सौन्दर्यीकरण गर्दै पर्या-पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।
- गाउँपालिकाको गौरवमय सांस्कृतिक एवं ऐतिहासिक धरोहरको रूपमा रहेको माथाको गढीको पुरातात्त्विक संवर्द्धन र संरक्षणका लागि विशेष व्यवस्था मिलाइनेछ।
- स्थानीय स्तरमा नवप्रवर्तनकारी उद्यमशीलता र रैथाने रोजगारी सिर्जना गर्न ग्रामीण जीवनशैलीमा आधारित होमस्टे (घरबास) पर्यटनलाई स्थानीय कला, संस्कृति र परम्परासँग अन्तरआबद्ध गर्दै थप सामुदायिक तथा निजी होमस्टे सञ्चालन र प्रवर्द्धनका लागि प्रोत्साहन प्याकेज उपलब्ध गराइनेछ।
- गाउँपालिकाभित्र आदिमकालदेखि बसोबास गर्ने सबै जातजातिको रैथाने मौलिक संस्कृति, परम्परागत पर्व, रैथाने भेषभूषा, संस्कार र ऐतिहासिक पहिचानको समान संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

**२. सामाजिक विकास**

**क. शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः**

- गाउँपालिका भित्र अध्यनरत रहेका अभिभावकविहीन बालबालिकालाई कक्षा १२ सम्मको अध्यनका लागी शैक्षिक अभिभावकत्व ग्रहण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्युतीय शासन तथा संस्थागत सुशासन, विश्वव्यापिकरण, उदारिकरण, सूचना तथा सञ्चार प्रविधिको विकासले सृजना गरेका अवसरलाई आन्तरिकिकरण गरी शैक्षिक क्षेत्रको विकासका लागि विद्यालयहरुलाई प्रविधि मैत्री वनाउँदै लगिनेछ।
- महिला शिक्षकले सुत्केरी अवस्थामा लिने विदावाट सिकाई उपलव्धिमा हुने क्षति लाई परिपूरण गर्न सुत्केरी सट्टा शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- पाठ्यक्रम, विशिष्टिकरण तालिका र मूल्यांकनको सन्दर्भमा शिक्षकहरुलाई प्रवोधिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको दुर्घटना विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कमजोर सिकाई उपलव्धी भएका विद्यालय र विषयगत शिक्षकहरुलाई थप पृष्ठपोष्ण प्रदान गर्दै शैक्षिक गुणस्तर र नतिजा सुधारका लागि विशेष व्यवस्थापन गरिनेछ।
- आधारभूत तहको कक्षा ६ सम्मको बिद्यार्थीहरुलाई प्रदान गरिने दिवा खाजालाई निरन्तरता दिइनेछ।
- अतिरिक्त क्रियाकलाप र सह-क्रियाकलाप मार्फत विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा जोड दिइनेछ।
- विद्यार्थीहरुको वहुमुखी प्रतिभा र सिर्जनशिलताको विकास गर्दै विद्यालयहरुमा वाल समूह, नेपाल स्काउट, रेडक्रस र परियोजना सिकाई कार्यक्रमलाई प्राथमिकताका साथ संञ्चालन गरिनेछ ।
- विभिन्न तह र स्तरमा आयोजना हुने रचनात्मक र सृजनात्मक कृयाकलापमा शिक्षक, विद्यार्थी र विद्यालयको सहभागिता वृद्धि गरिनेछ ।
- लक्षित समुदायको सूचना प्रविधिमा पहुँच पुऱ्याउनको लागि कम्प्यूटर प्रशिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार विकासको लागि घेरावार, खेलमैदान, शौचालय, भवन, कक्षाकोठा व्यवस्थापन लगायतका कार्यहरु माग, नतिजा र आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ।
- ECD शिक्षक, कार्यालय सहयोगी, सामुदायिक सिकाई केन्द्रका परिचालक र माध्यमिक विद्यालयका लेखा कर्मचारीहरुको सेवा सुविधा वृद्धि गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि विद्यार्थी संख्या र सिकाई उपलव्धीको आधारमा माध्यमिक विद्यालयहरुमा छात्रावास संचालन तथा व्यवस्थापन कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै लगिनेछ।
- सामुदायिक सिकाई केन्द्रलाई प्रभावकारी व्यवस्थापन गर्दै औपचारिक शिक्षाबाट बन्चित रहेका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याइनेछ।
- खेलको माध्यमबाट विद्यार्थीको प्रतिभाहरु प्रस्फुटन गरिनेछ। राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ। खेलको लागि प्रत्येक विद्यालयका खेल शिक्षकलाई पेशागत विकास तालिमहरु संचालन गरी जिल्ला स्तर तथा राष्ट्रिय स्तरका कार्यक्रमहरुको लागि खेलाडी उत्पादन गरिनेछ।
- स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र मातृभाषाका पाठ्यक्रम पाठ्यपुस्तक आवश्यक परिमार्जन तथा निर्माण गरिनेछ ।
- स्नातक तहको विज्ञान तथा प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्राविधिक धार र नमूना विद्यालय संचालित विद्यालयहरुलाई थप व्यवस्थित गरिनेछ। प्राविधिक धार अन्तर्गत मदनपोखरा बहु-प्राविधिक शिक्षालयमा अध्ययन गर्ने यस गाउँपालिका अन्तर्गतका १० जना विद्यार्थीहरुका लागि निःशुल्क शिक्षा छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- शिक्षामा अभिभावकको चासो बढाउन जनचेतनामुलक अभिभावक शिक्षा संचालन गरिनेछ।

- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकारको जिम्मेवारी वहन गर्न लगाई शिक्षाको गुणस्तरमा सुधार गरिनेछ।
- दीर्घ सेवारत, सतप्रतिशत तथा उत्कृष्ट नतिजा दिने शिक्षक, विद्यालय र कर्मचारीलाइ सम्मान गरी उत्प्रेरणा वृद्धि गरिनेछ।
- प्रत्येक विद्यालयहरुले विद्यार्थीको चौतर्फि विकासको लागि अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- विद्यालय अनुगमन तथा नियमनलाई विज्ञको टोलीद्वारा प्रत्यक्ष निरीक्षण गरि आवश्यक सुझाव, प्रतिक्रिया र पृष्ठपोषण सहित विद्यालय सुधारको लागि प्रकावकारी कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालयका शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकहरूले गाउँपालिकासँग कार्यसम्पादन करार सम्झौता गरिनेछ र प्राप्त नतिजाका आधारमा विषयगत शिक्षक, प्रधानाध्यापक र विद्यालयहरूलाई नतिजामा आधारित प्रोत्साहन (Out come Based Incentive) दिने व्यवस्था मिलाईनेछ।
- ग्रामीण क्षेत्रका विद्यालयहरुमा विद्यार्थी संख्या ज्यादै न्यून रहेकोले ती क्षेत्रहरुमा विद्यार्थी संख्या, जनशक्ति र भौगोलिक अवस्थाको आधारमा प्रचलित कानून बमोजिम एउटा विद्यालय अर्को विद्यालयमा समायोजन गरि BIG SCHOOL को अबधारणा अनुसार विद्यालय समायोजन, दरबन्दी मिलान, कक्षा थपघट गर्दै विद्यालय व्यवस्थापन गर्ने नीति लिईनेछ।
- शैक्षिक सामग्री निर्माण कार्यशाला र विज्ञान प्रयोगशाला प्रर्दशनी मार्फत विषयगत सिकाई उपलव्धी वृद्धी गरिनेछ।
- विद्यालयहरुमा सैद्धान्तिक सिकाईका अतिरिक्त थप परियोजना कार्यमा आधारित व्यवहारिक सिकाई शिक्षण पद्धतिलाई जोड दिईनेछ।
- विद्यालयहरुमा स्वच्छ वातावरण, शुद्ध पिउने पानी र सफा शौचालय जस्ता कार्यक्रमहरुलाई जोड दिईनेछ।

**ख. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः**

- आधारभूत स्वास्थ्य सेवालाई निशुल्क, गुणस्तरीय तथा प्रभावकारी बनाउँदै स्वास्थ्य सेवाको पहुँच र उपभोग बढाउन निरन्तर जनस्वास्थ्यका कृयाकलाप एवं अभियानहरु सञ्चालन गरिनेछ।
- प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवालाई भौगोलिक क्षेत्र र आवश्यकताको आधारमा प्राथमिकीकरण गर्दै सेवा प्रदान गरिनेछ।
- माथागढी-४ झडेवामा निर्माण भएको १५ शैयाको माथागढी आधारभूत अस्पताल सञ्चालन गरिनेछ।
- गम्भीर रोगको उपचार खर्च अभाब हुन नदिन गाउँमै बसोबास गर्ने अति बिपन्न बासिन्दाहरुको लागि स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ। बिमितको घरपरिवारको आर्थिक अवस्थाको आधारमा नवीकरण तथा थप बिमा गर्ने ब्यवस्था मिलाईने छ।
- स्वास्थ्य चौकीमा रहेका प्रयोगशालालाई थप ब्यवस्थित र गुणस्तरीय बनाउँदै संचालन गरिनेछ।

- ६० बर्ष माथिका बृद्धबृद्धा र अशक्तहरुलाई घरमै नियमित स्वास्थ्य जाँच गर्न घरघरमा स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिईनेछ। साथै ८५ बर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचारको लागि स्वास्थ्य संस्थासम्म आवतजावत गर्न निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ।
- गाउँपालिकाका आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरुलाई जग्गा प्राप्तीको लागि पहल गरी जग्गा भएको ठाउँमा भवन निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।
- महिलाको प्रजनन् स्वास्थ्यको हकलाई सुनिश्चित गर्न उपाध्यक्ष आमा सुरक्षा,"गर्भवतीलाई अण्डा र क्याल्सियम चक्की" कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण बिद्यालयहरुमा बिद्यालय स्वास्थ्य तथा पोषण र सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ। विद्यालयहरुमा प्रजनन् स्वास्थ्य र यौन शिक्षासंग सम्बन्धित बिषयका कक्षाहरु सम्बन्धित वडाका स्वास्थ्यकर्मीहरुबाट महिनाको कम्तिमा एक पटक अन्तरक्रियात्मक कक्षा संचालन गरिने र एक शैक्षिक सत्र भित्रमा कम्तिमा एकपटक विद्यार्थीको स्वास्थ्य परीक्षणको ब्यवस्था मिलाईनेछ।
- सर्ने तथा नसर्ने रोगको न्यूनीकरण गर्न आवश्यक कार्यक्रमको प्रबन्ध गर्दै धुम्रपान, मद्यपान र सुर्तिजन्य पदार्थ बिक्रि बितरणलाई निरुत्साहित गर्नको लागि सचेतना कार्यक्रम संचालन गरिनेछ साथै मानसिक स्वास्थ्य, आत्महत्या तथा सडक दुर्घटना न्युनिकरण जस्ता कार्यक्रम संचालन गरिने छ।
- गाउँपालिका भित्रका आर्थिक रुपमा अति विपन्न वा असहाय नागरिकहरु आकस्मिक बिरामी भई उपचारको लागि स्वास्थ्य संस्थासम्म पुग्नको लागि आकस्मिक प्रेषण कोषको ब्यवस्था मिलाईनेछ।
- प्रत्येक ब्यक्तिले बर्षमा एकपटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका ब्यक्तिको समयमै स्वास्थ्य उपचार गराउन सहजीकरण गर्नको लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली (HMIS) मा समेट्नको लागि ईन्टरनेटको ब्यवस्था गरिनेछ। सम्पूर्ण स्वास्थ्य संस्थाबाट गरिने अभिलेख र मासिक प्रतिबेदनलाई डिजिटलाईज गर्ने प्रबन्ध मिलाईनेछ।
- खोप सेवालाई प्रभावकारी र गुणस्तरीय रुपमा संचालन गर्न आवश्यक उपकरण र खोप केन्द्रको ब्यवस्था मिलाईनेछ।
- पूर्ण खोप सुनिश्चितताको लागि बालबालिकाहरुको बिद्यालय भर्ना अभियानमा बाल स्वास्थ्य कार्डलाई अनिबार्य गरिंदै लगिनेछ।
- बालबालिकाहरुको नियमित बृद्धि अनुगमन सुनिश्चितताको लागि दलित बालपोषण जस्ता सुविधामा बाल स्वास्थ्य कार्डको ब्यवस्था गरिंदै लगिनेछ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिम, अभिमूखीकरण तथा अनसाईट कोचिङको ब्यवस्था गर्दै प्रोत्साहनको ब्यवस्था मिलाईनेछ।

- बर्थिङ्ग सेन्टरको गुणस्तर कायम गर्न सेवाग्राहीको चापको समीक्षा गर्दै क्रमशः आवश्यकताको आधारमा बर्थिङ्ग सेन्टर समायोजन तथा व्यवस्थापन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्न बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। सेवाग्राहीको खोजी गर्न तथा सेवाको निरन्तरताको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य संस्था प्रमुखलाई उपलब्ध गराउँदै आएको संचार खर्चलाई निरन्तरता प्रदान गरिनेछ।
- माथागढी गाउँपालिका भित्रका वडाहरुमा महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी हुने वातावरणको सुनिश्चितता गर्दै पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा तथा पालिका सुनिश्चितता घोषणा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य सामुदायिक स्वयंसेबिकाहरु सेवाबाट सम्मानजनक बिदाई भएमा गाउँपालिकाबाट थप सुबिधा प्रदान गर्ने ब्यवस्था गरिनेछ साथै १० बर्ष भन्दा बढी सेवा प्रदान गरी विभिन्न कारणले सेवाबाट बिस्थापित हुनुपर्ने अवस्थामा समेत गाउँपालिकाबाट सम्मान गरिनेछ।
- विभिन्न अस्पताल तथा स्वास्थ्य सेवा केन्द्रसंग समन्वय गरी समुदाय स्तरमा बिभिन्न प्रकारका स्वास्थ्य शिबिरहरुको आयोजना गरिनेछ।
- पोषणमैत्री स्वास्थ्य संस्था तथा पोषणमैत्री स्थानीय तह घोषणाको लागि कार्यक्रम संचालन गरिदै लगिनेछ।
- बिद्यालयका शिक्षक/शिक्षिकाहरुलाई आधारभुत स्वास्थ्य, प्राथमिक उपचार सम्बन्धी अभिमूखीकरण गर्दै प्राथमिक उपचार किटको ब्यवस्था गरिनेछ ।
- चिदीपानी आयुर्बेदिक औषधालयलाई बैकल्पिक चिकित्सा सेवा प्रदायकको रुपमा विकास गर्न पहल गरिनेछ।
- आमाको दूधलाई प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण नियन्त्रणको लागि कार्यक्रम संचालन गर्दै पूर्ण स्तनपानलाई प्रवर्धन गरिनेछ ।
- HIV संक्रमितहरुका लागि पुनर्स्थापना र ART उपचारको लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- मेरो स्वास्थ्य, मेरो जिम्मेवारी कार्यक्रम संचालन गर्दै स्वस्थ जीवनशैली अपनाउन प्रेरित गरिनेछ ।
- महिलाको पाठेघरको मुखको क्यान्सर जोखिमलाई न्यूनीकरण गर्न सोको स्क्रिनिङ्ग तथा परीक्षण शिबिर संचालन कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- गुणस्तरीय प्रसुति सेवा प्रवाहको लागि बर्थिङ्ग सेन्टरको रुपमा स्थापित भई प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य चौकी वा साझेदारी संस्थाको सामुदायिक क्लिनिकमा कार्यरत स्टाफ नर्स/अ.न.मि कर्मचारीहरुको लागि क्षमता अभिबृद्धिका लागि तालिमको व्यवस्था मिलाईनेछ।
- ग्रामीण अल्ट्रासाउन्ड (RUSG) कार्यक्रमलाई पालिकाभित्र बिस्तार गरी सेवा प्रवाहको सुनिश्चितता प्रदान गरिनेछ ।

## ग. लैङ्गिक समानता, सामाजिक सुरक्षा र समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमः

- माथागढी गाउँपालिकालाई बालमैत्री स्थानीय शासन पालिका घोषणा दिगोपनाको लागि सामाजिक विकासको महत्वपूर्ण पक्षको रुमा रहेको बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।
- लैङ्गिक विभेद, जातीय विभेद, घरेलु हिंसा, बालविवाह, बहुविवाह जस्ता कू-प्रथा निवारण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- किशोरीहरुको क्षमता अभिवृद्धिको लागि किशोरी यौन शिक्षा, कानूनी साक्षरता र बालविवाह विरुद्धको कार्यक्रममा जोड दिइनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको हकहित सम्बन्धी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको सम्मानपूर्वक जीवनयापनलाई सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- महिलाहरुको नेतृत्व र क्षमता अभिवृद्धिका लागि सीप विकास तथा व्यवसायिक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- दुर्गम तथा विकट बस्तीहरुमा सामाजिक सुरक्षा भत्तालाई समुदायस्तरमै बैंकको समन्वयमा बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- अनिवार्य राष्ट्रिय परिचयपत्र मार्फत लाभग्राहीहरुको नयाँ दर्ता तथा नवीकरण कार्यलाई बायोमेट्रिक बिधि मार्फत रुजु गरी सामाजिक सुरक्षा भत्ता विद्युतीय माध्यम मार्फत भुक्तानीलाई निरन्तरता दिईनेछ।

## घ. खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रमः

- गाउँपालिका भित्रका प्रत्येक घरधुरीमा स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच सुनिश्चित गर्न प्राथमिकता दिइनेछ।
- खुला दिसामुक्त अवस्थालाई दिगो रूपमा कायम राख्दै फोहोरमैला व्यवस्थापन तथा महिनावारी स्वच्छता (Menstrual Hygiene) मा विशेष जोड दिइनेछ।
- खानेपानी आयोजनाहरूको दिगोपनका लागि स्थानीय उपभोक्ता समितिहरूलाई सशक्त, सक्षम र जवाफदेही बनाइनेछ।
- विगतका आर्थिक वर्षहरूदेखि सञ्चालनमा रहेका तथा बजेट अभावले रोकिएका लिफ्टिङ र गुरुत्वीय प्रवाह (Gravity Flow) खानेपानी आयोजनाहरूलाई आवश्यक बजेट विनियोजन गरी सम्पन्न गरिनेछ। लिफ्टिङ खानेपानी आयोजनाहरुको विद्युतीय महशुलमा प्रदान गर्दै आएको ५० प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- सार्वजनिक तथा विद्यालय शौचालय सुधारः गाउँपालिका भित्रका स्वास्थ्य संस्था, गाउँपालिका/वडा कार्यालय तथा विद्यालयहरूमा अपाङ्गमैत्री, बालमैत्री र छुट्टै महिला शौचालय (महिनावारी स्वच्छता व्यवस्थापन सहित) निर्माण तथा स्तरोन्नति गरिनेछ।
- "मुहान जोगाऔं, भविष्य सुरक्षित गरौं" अभियान अन्तर्गत वन विनाश र खडेरीका कारण सुक्दै गएका पानीका मुहानहरूको संरक्षणका लागि मुहान वरिपरि वृक्षारोपण तथा घेराबार गरिनेछ।
- N-WASH योजना अद्यावधिकः गाउँपालिकाको समग्र खानेपानी तथा सरसफाइ गुरुयोजना (N-WASH Plan) लाई डिजिटल प्रविधिमा आधारित बनाई अद्यावधिक गरिनेछ।
- पानी मुहान दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

**ङ. कानुन न्याय तथा मानव अधिकार सम्बन्धी नीति तथा कार्यक्रमः**

- पालिका स्तरीय मेलिमलापकर्ता तथा वडा स्तरीय मेलिमिलाप केन्द्रलाई चुस्त दुरुस्त बनाउनका लागि मेलमिलाप केन्द्रको व्यवस्थापन गरिनेछ।
- मेलिमलापकर्तालाई पुनर्ताजगी तालिम दिई क्षमता विकास गरिनेछ।
- न्यायिक कार्यसञ्चालन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनको लागि आवश्यक व्यवस्था गरिनेछ।

**३. पूर्वाधार विकास**

**क. यातायात पूर्वाधार, भवन आवास तथा सहरी विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

- गाउँपालिकाको निर्माणधीन प्रशासकीय भवनको निर्माण कार्य आ.व. २०८३/०८४ भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ।
- मोहनचौपारी-मान्के-दोहोरा-फेदी मोटर बाटोको कालोपत्रे कार्य आ.व. २०८३/८४ भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ।
- दिव्यज्योति नमुना विद्यालयको क्यान्टिन निर्माण तथा घेरावार कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ।
- चालू आर्थिक वर्ष २०८२/०८३ सम्मका निर्माणाधीन तथा क्रमागत योजनाहरूलाई निरन्तरता दिइनेछ। साथै आ.व. २०८३/०८४ देखि ठूला तथा दीर्घकालीन महत्त्वका योजनाहरुलाई बहुवर्षीय रुपमा सञ्चालन गर्ने नीति लिईनेछ।
- गाउँपालिकाको प्रशासनिक कार्यालयसँग सबै वडा कार्यालयहरू, सामुदायिक विद्यालय र स्वास्थ्य चौकीहरूलाई क्रमश कालोपत्रे सडकले जोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- डि.पि.आर. सम्पन्न भएका सम्पूर्ण योजनाहरूलाई क्रमश कार्यान्वयनमा लगिनेछ। थप महत्त्वपूर्ण योजनाहरूको समेत डि.पि.आर. गरिनेछ।

- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार र विकास साझेदारी संस्थाहरू बीचको साझेदारीमा सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- सरकारी भवनहरूलाई बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, सेवाग्राहीमैत्री र स्तनपान कक्ष सहितको बनाउँदै लगिने कार्यलाई प्राथमिकता दिईनेछ।
- पूर्वाधार निर्माणका आयोजनाहरू संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरू पहिचान गरी "आयोजना बैंक" तयार गरिने नीति लिईनेछ।
- एकीकृत शहरी तथा वस्ती विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरूको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरूसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७५, भवन आधार संहिता नियमावली २०७५, राष्ट्रिय भू-उपयोग नीति लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरूलाई लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र पालिकाले तय गरेका सडक मापदण्ड बमोजिम निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**ख. नक्सा पास, भूमी बस्ती तथा जग्गा संरक्षण सम्बन्धी नीतिः**

- **नक्सा पास अनिवार्यः** गाउँपालिकाले **"माथागढी भवन निर्माण मापदण्ड"** अनुसार गाउँपालिका क्षेत्रभित्र घर वा भवन निर्माण गर्दा नियमअनुसार नक्सा पास गराएर निर्माण गर्ने नीति लिईनेछ।
- **पुरानो संरचनाको अभिलेखीकरणः** यसअघि नै निर्माण भइसकेका पक्की घरहरूलाई नियमानुसार अभिलेखीकरण गरी कानुनी दायरामा ल्याईनेछ ।
- गाउँपालिको क्षेत्रभित्र (Right of Way) सडकको क्षेत्रधिकारको अवधारणलाई कार्यान्वन गरिनेछ।
- आयोगसँग समन्वयः भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको पहिचान गरी उनीहरूलाई व्यवस्थित गर्न भूमि समस्या समधान आयोगसँग समन्वय गरी व्यवस्थापन गर्ने नीति लिईनेछ।
- **डिजिटल नक्सांकनः** गाउँपालिकाको भू-उपयोग नक्सा (Land Use Map) तयार गरी भूमिको वैज्ञानिक वर्गीकरण गर्ने नीति लिईनेछ।
- **जोखिमयुक्त बस्ती स्थानान्तरणः** पहिरो, बाढी वा डुबानको उच्च जोखिममा रहेका क्षेत्रका बस्तीहरूलाई सुरक्षित स्थानमा सार्ने र त्यस्ता जमिनमा आवास निर्माण निषेध गर्ने नीति लिईनेछ।
- **विकासका लागि जग्गा प्राप्तिः** जग्गा प्राप्तिको अभावमा रोकिएका वडा कार्यालय, स्वास्थ्य चौकी वा अन्य प्रशासनिक भवनहरूको काम अघि बढाउन जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाईनेछ।
- **अतिक्रमण नियन्त्रणः** सार्वजनिक जग्गा, ऐलानी जग्गा, पोखरी, र खोला किनारका जग्गाहरू अतिक्रमण हुनबाट रोक्ने कार्यलाई प्राथमिकता दिईनेछ।

ग. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रमः

- **सञ्चार पहुँच विस्तारः** माथागढी गाउँपालिका क्षेत्रभित्र मोबाइल नेटवर्क नपुगेका वा कमजोर भएका स्थानहरूमा दूरसञ्चार सेवालाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक स्थानमा टेलिफोन टावर निर्माण तथा स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ।
- **सूचनाको हक र सचेतनाः** आम नागरिकलाई सूचनाको हक सम्बन्धी संवैधानिक व्यवस्थाबारे सुसूचित गराउन र सचेतना अभिवृद्धि गर्न तथा गाउँपालिकाबाट सम्पादित कामबारे जानकारी दिनका लागि सार्वजनिक सुनवाई जस्ता कार्यक्रमहरु निरन्तर संचालन गरिनेछन्।
- **सुरक्षा एवं प्रविधि जडानः** गाउँपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप चुस्त, दुरुस्त र प्रविधिमैत्री बनाउन आवश्यकताका आधारमा मुख्य क्षेत्रहरूमा सि.सि.टिभी क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ।
- **डिजिटल र सूचनामैत्री स्थानीय तहः** गाउँपालिकालाई डिजिटल प्रविधिमा रूपान्तरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै नागरिकको सूचनाको हकको पूर्ण सम्मान गर्दै गाउँपालिकाका सेवा र सूचनाहरूलाई पारदर्शी, प्रविधिमैत्री र पहुँचयोग्य बनाइनेछ।

ग. ऊर्जा सम्बन्धी नीति तथा कार्यक्रमः

- **ग्रामीण विद्युतीकरणः** गाउँपालिकाका हालसम्म केन्द्रीय प्रसारण लाइन नपुगेका ग्रामीण बस्तीहरू पहिचान गरी विद्युतीकरणलाई प्राथमिकता दिइनेछ।
- **ऊर्जा सक्षमता (Energy Efficiency) नीतिः** सार्वजनिक निकाय, सडक बत्ती र घर घरमा कम बिजुली खपत गर्ने एल.इ.डी. (LED) प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- **उज्यालो माथागढी अभियानः** नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा गाउँपालिकाका दुर्गम वा पछाडि परेका टोलहरूमा ट्रान्सफर्मर थप गर्ने, नाङ्गो तार फेर्ने र काठका पोलहरूलाई पूर्ण रूपमा विस्थापित गरी फलाम वा स्टिलका पोलहरू जडान गरिनेछ।
- **सौर्य सडक बत्ती (Solar Street Lights):** गाउँपालिकाका मुख्य बजार क्षेत्र, वडा कार्यालय वरपर, स्वास्थ्य चौकी र प्रमुख चौतारीहरूमा उज्यालो र सुरक्षाका लागि सेन्सरसहितको सौर्य सडक बत्ती जडान गरिनेछ।
- **स्थानीय प्राविधिक उत्पादनः** गाउँपालिका भित्र वायरिङ, सोलार मर्मत र घरेलु उपकरण मर्मत गर्ने जस्ता इलेक्ट्रिसियन' तालिम सञ्चालन गरी स्थानीय युवाहरूलाई स्वरोजगार बनाइनेछ।

४. वन, वातावरण तथा विपद व्यवस्थापन

क. वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमः

- गाउँपालिका भित्रका सार्वजनिक खुला क्षेत्रहरू पहिचान गरी जैविक विविधता संरक्षण र पर्यटन प्रवर्द्धनका लागि हरियाली पार्क (Green Parks) निर्माण तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

- माथागढी क्षेत्रभित्रका ताल—तलैया, पोखरी, प्राकृतिक पानीका स्रोत तथा सिमसार क्षेत्रहरूको संरक्षण र पर्या—पर्यटन (Eco-Tourism) मा उपयोगका लागि विशेष कार्यक्रम ल्याइनेछ।
- गाउँपालिकाको जैविक विविधता तथा विपद् जोखिम न्यूनीकरणका लागि भौगोलिक सूचना प्रणालीमा आधारित नक्सांकन (Spatial Based GIS Mapping) तयार गरिनेछ।
- वातावरण संरक्षण, जलवायु अनुकूलन र स्थानीय विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय अनुकूलन कार्ययोजना (LAPA) निर्माण गरी लागू गरिनेछ।
- जैविक विविधताको संरक्षण, विपद् व्यवस्थापन र जलवायु उत्थानशीलता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्दा संघ, प्रदेश, छिमेकी स्थानीय तह र गैरसरकारी क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ।
- विद्यालयहरूमा पर्यावरण क्लब गठन गरी विद्यार्थीहरूको नेतृत्वमा वृक्षारोपण र पर्यावरण सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- घरपरिवार, उद्योगधन्दा, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूबाट उत्सर्जन हुने फोहोरलाई प्रकृति अनुसार स्रोतमै वर्गीकरण गर्न अनिवार्य गरी नागरिक सचेतना अभिवृद्धि कार्यक्रममार्फत छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ।
- स्थानीय वातावरणमा नकारात्मक प्रभाव नपर्ने गरी आधुनिक प्रविधि अनुसारको ल्याण्डफिल साइटको व्यवस्थापन र सञ्चालन गरिनेछ।
- चुरे क्षेत्रको संवेदनशीलतालाई ध्यानमा राख्दै ढुङ्गा, गिट्टी, बालुवाको अनियन्त्रित र अवैध उत्खननलाई रोक्ने एवं नदीजन्य पदार्थहरुको उत्खनन एवं बिक्री वितरण कार्यलाई थप व्यवस्थित गरिनेछ।
- गाउँपालिकाभित्रका विभिन्न खहरे खोलाहरूको किनारमा जैविक इन्जिनियरिङ (Bio-engineering) प्रविधि मार्फत भू-क्षय नियन्त्रण गरिनेछ।
- कार्बन उत्सर्जन न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्न परम्परागत दाउराको प्रयोगलाई निरुत्साहित गर्दै विद्युतीय चुलो (Induction), सुधारिएको चुलो र बायोऊर्जा (Bio-energy) जस्ता प्रविधि भित्र्याउने कार्याक्रम ल्याईनेछ।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणाली (NDRRMA Portal) सँग गाउँपालिकाको प्रणालीलाई एकीकृत गरी विपद्का घटना, क्षति र असरका विवरणहरू नियमित रूपमा अद्यावधिक गरिनेछ र प्राप्त पूर्वसूचनाहरू स्थानीय समुदायसम्म द्रुत गतिमा सम्प्रेषण गर्ने संयन्त्र विकास गरिनेछ।
- स्थानीय स्तरमा आउन सक्ने सम्भावित विपद्को पूर्वआकलन गरी प्रतिकार्य कार्यलाई मार्गदर्शन गर्न स्थानीय विपद् तयारी तथा प्रतिकार्य योजना (Disaster Readiness and Response Plan) आवधिक रूपमा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ।

- विपद् व्यवस्थापन र उद्धार कार्यमा संलग्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा रेडक्रस, स्काउट लगायत स्थानीय गैरसरकारी संस्थाहरूसँग निरन्तर समन्वय गरी विपद् प्रतिकार्यको प्रभावकारिता परीक्षणका लागि नियमित संयुक्त पूर्वाभ्यास कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- प्राकृतिक तथा मानवीय कारणले आउन सक्ने विपद्का घटनाहरूलाई वडा तहमा नै न्यूनीकरण र तत्काल व्यवस्थापन गर्न सबै वडाहरूमा विपद्जन्य सामग्रीहरूको व्यवस्था गरी वडास्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक न्यूनतम पूर्वाधार र सामग्रीसहित स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operations Center) सुदृढ गरी सञ्चालन गरिनेछ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

### क. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रमः

- सेवा प्रवाहलाई नागरिकमैत्री, प्रविधिमैत्री, प्रभावकारी, छिटो, छरितो र सहज बनाउन डिजिटलमैत्री पालिका बनाइनेछ।
- पालिका तथा अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई छिटो, छरितो र सेवाग्राहीमैत्री बनाउन ई-गभर्नेन्स, जनसहभागिता, पारदर्शिता र जवाफदेहिता लगायतका कार्यसम्पादन सूचकहरु समावेश गरी सेवा प्रवाह सुधार योजना (BPR) तयार गरी कार्यान्वयन गरिनेछ।
- प्रशासनिक दक्षता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रसेवक कर्मचारीहरूको उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्न कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।
- वडा तथा शाखाहरूको संस्थागत सुदृढीकरणका लागि आवश्यक भौतिक स्रोत-साधन व्यवस्थापन गरिनेछ।
- प्रत्येक वडा, स्वास्थ्य चौकी र विद्यालयमा ई-हाजिरी प्रणाली क्रमशः अनिवार्य गरिने नीति लिइनेछ। साथै हालको ई-हाजिरी प्रणालीलाई नेपाल सरकारको एकीकृत हाजिरी व्यवस्थापन प्रणालीसँग समेत आबद्धता गरिनेछ ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम गाउँ कार्यपालिकाको O&M गरिनेछ।
- प्रशासनिक कामकारवाही र सेवा प्रवाहलाई क्रमश अनलाइनमा आधारित बनाउन नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लाई यस गाउँपालिकामा सञ्चालन गर्नका लागि पहल गरिनेछ।

*सभाका सदस्यज्यूहरू,*

अन्त्यमा, माथागढी गाउँपालिकाबासीको माग र आवश्यकताको आधारमा स्थानीय निर्वाचनमा जनता समक्ष गरेको प्रतिबद्धता र सङ्कल्पलाई पुरा गर्न बजेट निर्माणदेखि कार्यान्वयन प्रक्रियासम्मको पूर्वावलोकन गरी पुँजीगत खर्च वृद्धि गर्ने र चालु खर्चमा मितव्ययिता कायम गरी वित्तीय जवाफदेहितालाई कडाइका साथ लागू गरी आर्थिक प्रशासनलाई थप पारदर्शी र नतिजामुखी बनाउने उद्देश्यका साथ प्रस्तुत नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

सम्पूर्ण प्रतिबद्धता र भावी योजना सहितको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको लागि सल्लाह सुझाब दई योगदान गरी सहयोग गर्नुहुने सभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, सामाजिक व्यक्ति, श्रमजीवी वर्ग, सञ्चारकर्मी, विकास साझेदार एवं गैरसरकारी संघसंस्था तथा आम माथागढीबासी जनसमुदाय प्रति कृतज्ञ छु।

प्रस्तुत गरिएका नीति तथा कार्यक्रमको लक्ष्य **"हाम्रो माथागढी हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहिचान"** भन्ने मूल नारालाई साकार पार्नु हो। प्रस्तुत नीति तथा कार्यक्रम सबै तहको सरकार, आम स्थानीय बासी र सरोकारवाला सबैको राय परामर्श तथा सुझावलाई आत्मसात गर्दै सोही अनुरूप तयार गरिएको हुँदा यथासम्भव सबै पक्ष र क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ। स्थानीय सरकारले लिएका उपरोक्त नीतिहरूको प्रभावकारी कार्यान्वयन गरी मूर्त रूप दिनको लागि आगामी दिनहरुमा सबै पक्षको रचनात्मक सल्लाह, सुझाव र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु।

धन्यवाद।